आज मिति २०८०।०३।०७ गते आइतबारका दिन दिनको ३:०० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०७९/८० को २५ औं बैठक तपसिलको उपस्थितिमा गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा सम्पन्न भयो ।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्वुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्वुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्वुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठ्ठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य -सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

अन्य उपस्थिति :

१) रमेश थापा, सूचना प्रविधि अधिकृत

२) प्रेम पराजुली, लेखापाल

# अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल ।

कार्यपालिका बैठक मिति : २०८०।०३।०७ गते

समय : दिनको ३:०० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्विकृत मिति : २०८०।०३।०४ गते

**छलफलका एजेण्डाहरुः**

१. पूर्व निर्णयको समीक्षा सम्बन्धमा,
२. आर्थिक सर्वेक्षण सम्बन्धमा,
३. आ.व २०८०/०८१को नीति तथा कार्यक्रम सम्बन्धमा,
४. आ.व २०८०/०८१ को बजेट बक्तव्य सम्बन्धमा,
५. आ.व २०८०/०८१ को विनियोजन विधेयक सम्वन्धमा,
६. आ.व २०८०/०८१ आर्थिक विधेयक सम्बन्धमा,
७. न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा,
८. विपद् व्यवस्थापन समितिको प्रतिवेदन सम्बन्धमा,
९. लेखा सुशासन र विधायन समितिको कार्यविधि तर्जुमा गरी समिति गठन गर्न पेश गर्ने सम्बन्धमा,
१०. हालसम्मको खर्च अनुमोदनका लागि सभामा पेश गर्ने सम्वन्धमा,
११. हालसम्मका निर्णय अनुमोदनका लागि सभामा पेश गर्ने सम्बन्धमा,
१२. वडा नं ७ को भवन निर्माणका लागि निशुल्क जग्गा प्राप्ति तथा वडाको स्थायी केन्द्र तोक्न सभामा पेश गर्ने सम्बन्धमा,
१३. वडा विभाजन गर्नुपर्ने भए सभामा पेश गर्ने सम्बन्धमा,
१४. प्रशासकीय भवनका लागि निशुल्क जग्गा प्राप्ती तथा आवश्यक जग्गा खरिद सम्बन्धमा,
१५. तपसिलका ऐनहरु पारीत तथा संशोधन गर्न सभामा पेश गर्ने सम्बन्धमा,
- प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०८०
- आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक २०७५ कोदफा ३१
- न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७५ को दफा ५८
- आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८०

**निर्णय नं १:**

प्रस्ताव नं १ उपर छलफल गर्दा कार्यपालिकाले गरेका अधिकांश निर्णयहरु कार्यन्वयनको चरणमा रहेको पाईयो।

**निर्णय नं २:**

प्रस्ताव नं २ उपर छलफल गर्दा बार्षिक नीति तथा कार्यक्रम तय गर्नुपुर्व छुट्टै आर्थिक सर्वेक्षण गर्नु पर्ने व्यवस्था भए अनुसार गाउँपालिकाको सामान्य तथ्याङ्क समावेश गरी तयार भएको आर्थिक सर्वेक्षण स्वीकृत गर्ने ।

**निर्णय नं ३:**

प्रस्ताव नं ३ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिकाको आ.व. २०८०।०८१ को नीति तथा कार्यक्रम स्वीकृत गरी सभामा पेश गर्ने ।

**निर्णय नं. ४:**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिकाको आ.व. २०८०।८१ को बजेट बक्तव्य स्वीकृत गरी सभामा पेश गर्ने ।

**निर्णय नं. ५:**

प्रस्ताव नं. ५ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिकाको आ.व.२०८०।८१ को विनियोजन विधेयक स्वीकृत गरी सभामा पेश गर्ने ।

**निर्णय नं. ६:**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिकाको आ.व.२०८०।८१ को आर्थिक विधेयक स्वीकृत गरी सभामा पेश गर्ने ।

**निर्णय नं. ७:**

प्रस्ताव नं. ७ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिकाको चालु आ.व. २०७९।८० को भएका न्यायिक काम कारबाही सम्वन्धी न्यायिक समितिको सचिवालयले तयार पारेको न्यायिक समितिको प्रतिवेदन सभामा पेश गर्ने।

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ उपर छलफल गर्दा अन्नपूर्ण गाउँपालिकाको चालु आ.व. २०७९।८० को भएका बिपद् व्यवस्थापन सम्बन्धी कामकाजी सम्बन्धि विपद् व्यवस्थापन समितिले तयार पारेको बार्षिक प्रतिवेदन सभामा पेश गर्ने ।

CamScanner

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ उपर छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २२ अनुसार लेखा समिति, विधायन समिति, सुशासन समिति गठन गर्नु आवश्यक भएकाले तत् समितिहरुको गठन तथा सो समितिको कार्यविधि तर्जुमा गरी स्वीकृत गर्न सभामा पेश गर्ने।

**निर्णय नं. १०**

प्रस्ताव नं. १० उपर छलफल गर्दा हाल सम्म भएका सबै खर्चहरु अनुमोदनको लागि सभामा पेश गर्ने ।

**निर्णय नं. ११**

प्रस्ताव नं ११ उपर छलफल गर्दा हाल सम्म भएका कार्यपालिकाकाको निर्णयहरु, गाउँपालिका कार्यालयका निर्णयहरु अनुमोदनको लागि सभामा पेश गर्ने ।

**निर्णय नं. १२:**

प्रस्ताव नं. १२ उपर छलफल गर्दा वडा नं. ७ हिस्तानको वडा कार्यालय भवन निर्माणको लागि प्राप्त भएको निशुल्क जग्गा स्वीकार गरि अनुमोदनको लागि सभामा पेश गर्ने । साथै वडा नं ७ हिस्तानको केन्द्र स्थायी केन्द्र टिकोटको सट्टा महभिर तोक्न सभामा पेश गर्ने ।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ उपर छलफल गर्दा वडा नं ५ को भौगोलिक जटिलता र छरिएर रहेको वस्तीहरुको कारण हाल रहेका वडा केन्द्रबाट पाउद्वार, गिवाङ, नेपाने, गनपानी, तोवाङ, चित्रे गाउँटोललाई सेवा प्रवाहमा भएको कठिनाईको कारण सम्बन्धित वडा समितिको वडा विभाजन सम्बन्धी मिति २०८०।०२।२८ को निर्णयलाई अनुमोदन गरी नेपाल सरकार समक्ष सरकार समक्ष अनुरोध गरी पठाउनको लागि सभामा पेश गर्ने।

**निर्णय नं. १४:**

प्रस्ताव नं १४ उपर छलफल गर्दा गाउँपालिकाको प्रशासकीय भवनको लागि निशुल्क जग्गा प्राप्ती तथा आवश्यक जग्गा खरिदको स्वीकृतीको लागि सभामा पेश गर्ने ।

**निर्णय नं. १५:**

प्रस्ताव नं १५ उपर छलफल गर्दा तपसिलका ऐनहरु पारित तथा संशोधन गर्न सभामा पेश गर्ने :

- प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०८०
- आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको विधेयक २०७५ को दफा ३१ संसोधन
- न्यायिक समिति (कार्यविधि सम्बन्धी) ऐन २०७५ को दफा ५८ संसोधन
- आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका, २०८०

CamScanner